# नीलकण्ठ राजपत्र

## नीलकण्ठ नगरपालिकाद्वारा प्रकाशित

खण्डः ९)    धादिङवेसी, धादिङ    (संख्याः १२    मितिः २०८२।१०।०४


**भाग २**

नीलकण्ठ नगरपालिका

**नीलकण्ठ नगरपालिकाको उत्पादनमा आधारीत दुधमा प्रोत्साहन अनुदान निर्देशिका, २०८१ मा पहिलो संशोधन गर्न वनेको नीलकण्ठ नगरपालिकाको उत्पादनमा आधारीत दुधमा प्रोत्साहन अनुदान (पहिलो संशोधन) निर्देशिका, २०८१**

कार्यपालिका स्वीकृत मितिः २०८२।०९।३०

नीलकण्ठ नगरपालिकाको उत्पादनमा आधारीत दुधमा प्रोत्साहन अनुदान निर्देशिका, २०८१ मा दोहोरपना हुन नहुने भन्ने विषयलाई थप स्पष्ट पार्न तथा गत वर्ष दुधमा प्रोत्साहन अनुदान दिएका कृषकलाई पुनः अर्को आर्थिक वर्षमा दिन सकिने व्यवस्था समावेश गर्नेगरी नीलकण्ठ नगरपालिकाको उत्पादनमा आधारीत दुधमा प्रोत्साहन अनुदान निर्देशिका, २०८१ मा पहिलो संशोधन गर्न वाञ्छनीय देखिएकोले नीलकण्ठ **नगरपालिकाको उत्पादनमा आधारीत दुधमा प्रोत्साहन अनुदान निर्देशिका, २०८१ को दफा २१ बमोजिम नगर कार्यपालिकाले यो निर्देशिका वनाई लागू गरेको छ।**

१. **संक्षिप्त नाम र प्रारम्भः** यस मापदण्डको नाम **"नीलकण्ठ नगरपालिकाको उत्पादनमा आधारीत प्रोत्साहन अनुदान (पहिलो संशोधन, २०८२) निर्देशिका, २०८१"** रहेको छ ।

(२) यो निर्देशिका नगर कार्यपालिकाले स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशित गरे पश्चात लागु हुनेछ ।

२. नीलकण्ठ नगरपालिकाको उत्पादनमा आधारित दुधमा प्रोत्साहन अनुदान निर्देशिका, २०८१ को मूल मापदण्डको दफा १७ को खण्ड (क) मा रहेको "मासिक कम्तिमा १०००लिटर" भन्ने वाक्यांशको सट्टा"मासिक कम्तिमा १५०० लिटर" भन्ने वाक्यांश राखिएको र खण्ड (ख)

मा रहेको "कम्तिमा १८० दिन" भन्ने वाक्यांशको सट्टा "कम्तिमा २०० दिनसम्म" भन्ने वाक्यांश राखिएको छ।

३. नीलकण्ठ नगरपालिकाको उत्पादनमा आधारित दुधमा प्रोत्साहन अनुदान निर्देशिका, २०८१ को मूल मापदण्डको दफा १७ को खण्ड (ज) मा रहेको "अन्य कुनै निकायबाट समान प्रकृतिको प्रोत्साहन रकम नलिएको भनी अनुसूची ५ बमोजिमको स्वघोषणा गर्नुपर्नेछ।" भन्ने वाक्यको अगाडी **"चालू आर्थिक वर्षमा"** भन्ने वाक्यांश थप गरिएको र सोही बमोजिम अनुसूची ५ मिलाईएको छ।

४. नीलकण्ठ नगरपालिकाको उत्पादनमा आधारित दुधमा प्रोत्साहन अनुदान निर्देशिका, २०८१ को मूल निर्देशिकाको दफा २२ मा रहेको "दोहोरोपना हुन नहुने"_भन्ने दफा मूल वाक्यांश पछि रहेको "यस कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन संघीय तथा प्रदेश तहबाट" भन्ने वाक्यांश पछी **"चालू आर्थिक वर्षमा"** भन्ने वाक्यांश थप गरिएको छ।

**आज्ञाले,**
**हरिदत्त कंडेल,**
**प्रमुख प्रशासकीय अधिकृत**